# स्ववियु निर्वाचनमा नेविसंघको असहमति

■ सौर्य समाचार

काठमाडौं । त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन आगामी चैत ५ गते गर्ने तयारी गरेको छ । यसअघि फागुन २८ गते तयारी गरेको त्रिविले विद्यार्थी सङ्गठनको सल्लाहअनुसार चैत ५ गते गर्ने तयारी गरेको हो । त्रिवि विद्यार्थी कल्याण परिषद्को बिहीबार बसेको बैठकले स्ववियु निर्वाचन गर्न त्रिवि कार्यकारी परिषद्लाई सिफारिस गरेको विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले जानकारी दिए ।

"सबै विद्यार्थी सङ्गठनको सल्लाह र परीक्षा, भर्ना कार्यतालिकालाई असर नपर्नेगरी हामीले त्रिवि कार्यकारी परिषद्लाई निर्वाचन गर्न सिफारिस गरेका छौँ", उनले भने "अब चाँडै नै त्रिवि कार्यकारी परिषद्को बैठकले हामीले तय गरेको मितिलाई अनुमोदन गर्नेछ ।"

त्रिवि कार्यकारी परिषद्को बैठकले स्ववियु निर्वाचन केन्द्रीय अनुगमन समन्वय समिति बनाउने उनले जानकारी दिए । त्रिविमा विगत लामो समयदेखि स्ववियु निर्वाचन हुन सकेको छैन । त्रिविले स्ववियु निर्वाचनका सम्बन्धमा यही पुस ११ गते सबै विद्यार्थी सङ्गठनका अध्यक्षसँग छलफल गरेको थियो ।




निर्देशनालयका निर्देशक अधिकारीले सबै सङ्गठनले स्ववियु निर्वाचनमा सहमति जनाएकाले मिति तोकी सिफारिस गरिएको बताए ।

तर नेपाल विद्यार्थी संघले भने विश्वविद्यालयको परीक्षा नियन्त्रण कार्यलयले ६ महिना अघि लिएको स्नातक तहको परीक्षाको सबै नतिजा आएपछि मात्रै निर्वाचन गर्न आग्रह गरेको छ। त्यसो नभएमा संघले स्ववियु चुनावमा भाग नलिने चेतावनी दिएको छ । त्रिविले यसअघि त्रिवि पदाधिकारी, विभाग, संस्थान, नौवटै सङ्कायका डीन र परीक्षा नियन्त्रकसँग पनि स्ववियु निर्वाचनका सम्बन्धमा छलफल गरिसकेको छ ।

त्रिविमा ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पस रहेका छन् । स्ववियु निर्वाचनमा २८ वर्ष उमेर हदबन्दी र मिश्रित निर्वाचन प्रणाली लागु गरिएको छ । पछिल्लो पटक उमेर हदबन्दी र मिश्रित निर्वाचन प्रणाली लागू भएपछि पहिलो पटक २०७३ सालमा आंशिकरुपमा केही क्याम्पसमा मात्र निर्वाचन भएको थियो ।

परीक्षा नियन्त्रण कार्यलयले तीन वर्षे बीए कार्यक्रमको तेस्रो वर्षको, चार वर्षे बीबीएस कार्यक्रमको चौथो वर्षको नतिजा सार्वजनिक गर्न सकेको छैन । सबै नतिजा नआई भर्ना खुलाएको भन्दै विद्यार्थीहरुले चर्को विरोध गरिरहेका छन ।

### सरकारमा जान राप्रपाको बटमलाइनः

# पृथ्वी जयन्तीमा बिदा, चार मन्त्रालय

■ सौर्य समाचार



काठमाडौं । राष्ट्रिय प्रजातन्त्र पार्टीले सरकारमा जाने निर्णय गरिसकेको छ । उसले सरकारको न्यूनतम साझा कार्यक्रम हेरेर सरकारमा सहभागी हुने निर्णय गरेको छ । साथै, उसले २७ पुसमा पृथ्वी जयन्तीमा सार्वजनिक बिदा दिने माग सरकारसंग गरेको छ ।

तर, बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले पृथ्वी जयन्तीबारे कुनै निर्णय गरेको छैन । राप्रपाले २७ पुसमा पृथ्वी जयन्तीमा बिदा र उपप्रधानमन्त्रीसहित चार मन्त्री पाउनुपर्ने दाबी गरेको छ । तर, सत्तारुढ गठबन्धनका एमाले र माओवादी केन्द्रले राप्रपालाई तीन मन्त्री र एक राज्यमन्त्री लिन प्रस्ताव गरेका छन् । रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीलाई पनि तीन मन्त्री र एक राज्यमन्त्री लिन प्रस्ताव गरिएको छ ।

रास्वपाले अहिलेसम्म यसबारे केही नबोले पनि राप्रपाले भने उपप्रधानमन्त्रीसहित चार मन्त्री मागेर आफ्नो अडान कायमै राखेको छ। राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनको नेतृत्वमा सरकारमा जाने तयारी छ। गृहमन्त्रीसहित उपप्रधानमन्त्री दाबी गरेका लिङ्देन अब पर्यटन मन्त्रालयतिर सरेको बताइन्छ । राप्रपा महामन्त्री धवलशमशेर राणा पनि सरकारमा जाने स्रोतले बतायो । पार्टी अध्यक्ष र महामन्त्री नै सरकारमा सामेल हुने भएपछि असन्तुष्टि बढेकाले राप्रपाले चार मन्त्रालय मागेको बुझिएको छ । यदि चार मन्त्रालय पाएमा राप्रपाले पृथ्वी जयन्तीको दिनको बिदालाई बटमलाइन नबनाउने राप्रपाका एक नेताले बताए । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले २६ पुसमा विश्वासको मत लिँदैछन् ।

## राहादानी...

परराष्ट्र सचिव, राहदानी विभागका महानिर्देशकलगायतसँग समस्या तत्काल हल गर्न छलफल गरेका थिए । छलफलमा तत्काल देखिएको प्राविधिक समस्या हल गर्ने र लामो लाइनमा बस्नु नपर्ने गरी छिटो छरितोरूपमा राहदानी सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउन प्रधानमन्त्रीले निर्देशन दिएका थिए ।

## समर्थक...

सरल र सहजरुपमा सेवा प्रदान गर्ने लक्ष्यका साथ सरकारको साझा नीति तथा कार्यक्रमको अन्तिम तयारी भइरहेको छ।' ।

उनले भने, "सबै दलका साथीहरु आज पनि बस्दै हुनुहुन्छ । हामी अन्तिम चरणमा पुगेका छौं । भोलिसम्म सकिन्छ भन्ने नै छ ।" उनले सरकारको नीति तथा कार्यक्रम छिट्टै सार्वजनिक हुने पनि उल्लेख गरे ।

सार्वजनिक सेवा प्रवाहलाई चुस्त बनाउने, किसानलाई सहजरुपमा रासायनिक मल प्रदान गर्ने, युवा स्वरोजगार कार्यक्रम तथा विभिन्न नीतिगत सुधारलगायतका विषयमा साझा कार्यक्रम केन्द्रित रहेको र त्यसमा सबैको सहमति रहेको उनको भनाई छ । यस्तै सहजरुपमा स्वास्थ्य र शिक्षा प्राप्त गर्ने अवस्था, सेवा प्रवाहमा सरलीकृत प्रबन्ध एवं सरकारको कार्यसम्पादनलाई प्रभावकारी बनाउने विषयमा ठोस योजना साझा कार्यक्रम समेटिएको उने बताए । उनले आमनागरिकलाई पहिलो प्राथमिकता राखेर भ्रष्टाचार नियन्त्रणमा कडा कदम चाल्न लागिएको समेत जानकारी दिए ।

सरकारमा सहभागी राजनीतिक दलको विचार सिद्धान्त फरकफरक भए पनि नागरिकलाई सेवा दिने विषयमा साझा मत रहेको लामिछानेको भनाइ छ । नीति तथा कार्यक्रमबारेमा सत्ता साझेदार दलले बुधबार साँझ पनि छलफल गरेका थिए ।

## पेट्रोलियमको...

करसहित सम्पूर्ण प्रशासनिक खर्च जोड्दा एक सय ६३.३४ रुपैयाँ पर्छ । तर, निगमले एक सय ७८ रुपैयाँमा बिक्री गछ। यस्तै, प्रतिलिटर एक सय ६७.८२ रुपैयाँ लागत पर्ने डिजेल एक सय ७५ रुपैयाँमा बिक्री गरिरहेको छ। भारतबाट डिजल प्रतिलिटर एक सय १० रुपैयाँमा खरिद गर्छ। भारतबाट १०३.९४ रुपैयाँ प्रतिलिटरमा खरिद गरिएको मट्टीतेलमा सम्पूर्ण लागत एक सय ३१.२१ रुपैयाँ पर्छ। तर, उपभोक्ताले एक सय ७५ रुपैयाँ लिटर खरिद गरिरहेका छन् ।

## टाइम...

राहदानी वितरणमा सम्बन्धित फाँटमा पुगेपछि १५ मिनेटभित्रमा दिने गरी समय तोकिएको छ । अन्य सेवामा पनि समय तोकिइसकेको र निकट भविष्यमै लागू गर्दै जाने काठमाडौं प्रशासनले जनाएको छ ।

मुख्यतः संस्था नवीकरण, नागरिकता प्राप्ति, नाबालिग परिचयपत्र, मुद्दा पेशी तोक्ने, मुद्दाको तारिख, प्रिन्ट भएर आएका राहदानी वितरण, राष्ट्रिय परिचयपत्र कार्ड वितरण, जिल्ला प्रशासनले गर्ने विभिन्न सिफारिसलाई समयबद्ध बनाइएको हो । अनुसन्धान सकिएपछि मुद्दाको अन्तिम किनारा ६० दिनभित्रमा सक्ने गरी टाइम कार्ड बनाइएको छ ।

प्रजिअले गुनासो सुन्ने

प्रशासनबाट प्राप्त हुने यस्ता सेवाहरूमा गुनासो भएमा प्रजिअले शुक्रबारबाहेक अन्य बार ३ देखि ४ बजेसम्म गुनासो सुन्ने गरी आवश्यक व्यवस्थापन पनि गरिएको छ । आएका गुनासोलाई सुन्ने र त्यसलाई सम्बोधन गर्नेगरी प्रजिअलाई नै तोकिएको छ ।

यसका साथै अशक्त, दूधे बच्चासहितको महिलालाई पालो (क्यू)मा नराखी सिधा सेवा दिने तथा ६५ वर्षमाथि उमेर भएकाको हकमा प्रशासन कार्यालयले नै सहयोगी राखेर सेवा दिने व्यवस्था पनि मिलाइएको काठमाडौंका प्रजिअ उपाध्यायले जानकारी दिए ।

उनले विगत लामो समयदेखिएको प्रयासमा राष्ट्रिय परिचयपत्र तथा नागरिकताको लाइन लाग्ने अवस्था हटेको जानकारी दिँदै अझै प्र्रभावकारी सेवा वितरण गर्नका लागि आवश्यक सुधार गर्दै लगिने बताए । उनले परिचयपत्र र राहदानी वितरणमा अझै केही समस्या कायमै रहेको पनि बताए ।

यसैबीच आजै उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले प्रशासन कार्यालयको स्थलगत निरीक्षण भ्रमण पनि गरेका छन् । निरीक्षणका क्रममा उनले प्रभावकारी सेवा दिन र नागरिकलाई झन्झट नहुने गरी काम गर्न प्रशासनका कर्मचारीहरूलाई निर्देशन दिएका छन् । पछिल्लो समयमा राहदानी वितरणलगायतका जनताका अत्यावश्यक सेवा प्रवाहमा नेपाल सरकारले गम्भीरतापूर्वक चासो दिँदै आवश्यक निर्देशन जारी गरिसकेको छ । गृह मन्त्रालयले बुधबार मात्रै ७७ वटै जिल्लामा परिपत्र गरी अवैध क्रसर उद्योग बन्द गर्न प्रजिअलाई निर्देशन दिइसकेको छ भने सेवा प्रवाह प्रभावकारी बनाउन पनि निर्देश गरिसकेको छ । सोही निर्देशनका आधारमा काठमाडौं प्रशासनले प्रभावकारी सेवा प्रवाह हुने गरी आवश्यक काम थालेको हो ।

## भोट...

एकतासम्बन्धी कार्यदल गठन गरेको उपमहासचिव एवं प्रवक्ता जगन्नाथ खतिवडाले जानकारी दिए । कार्यदलमा भुसालसहित गंगालाल तुलाधर, प्रकाश ज्वाला र विजय पौडेल सदस्य छन् ।

बैठकमा सरकारलाई विश्वासको मत दिने वा नदिने भन्ने बिषयमा पनि छलफल भएको थियो । यस बिषयमा भने बैठकमा दुई धारणा देखा परेको स्रोतले बतायो । यसअघि चार दिनसम्म बसेको स्थायी समिति र पोलिटब्युरो बैठक सरकारलाई विश्वासको मतदिने कि नदिने भन्ने बिषयमा कुनै निर्णय गरेको थिएन ।

बिहीबारको बैठकमा सम्मानित नेता झलनाथ खनालले सात दलीय गठबन्धन सरकारलाई अहिले मत दिनु नहुने धारणा राखेको स्रोतले बतायो ।

अध्यक्ष माधवकुमार नेपालले भने सरकारको तर्फबाट औपचारि करुपमा यस बिषयमा प्रस्ताव आएमा प्रचण्ड नेतृत्वको सरकारलाई मत दिनुपर्ने पक्षमा धारणा राखेका थिए । तर सरकारले गंभीर तरिकाले विश्वासको मतका लागि अहिलेसम्म गंभीर छलफल नगरेकोले तत्काल निर्णय गर्न हतार हुने भन्दै बैठकमा आश्वास्त पारेका थिए ।

बुधबार मात्रै नेपालले सिंहदरबार पुगेर प्रधानमन्त्रीलाई भेटेका थिए । जहाँ उनलाई प्रचण्डले विश्वासको मत दिन आग्रह गरेका थिए । तर नेपालले पार्टीमा कुरा गरेर मात्रै निर्णय लिने बताएका थिए । यसअघि अध्यक्ष नेपालले आफूहरुलाई कुनै हतार नभएको बताउँदै २६ गतेसम्म विश्वासको मत दिने नदिने टुंगोमा पुग्ने बताएका थिए ।

समाजवादीलाई सरकारमा जान अहिलेसम्म कसैले औपचारिक प्रस्ताव नपठाएको पार्टी उपमहासचिव जगन्नाथ खतिवडाले बिहीबारको सचिवालय बैठकपछि जानकारी दिएका छन् ।

यसैगरी उपमहासचिव खतिवडाले वर्तमान सरकारलाई समर्थन गर्ने वा नगर्ने भन्नेबारेमा सरकार पक्षका पार्टीहरूले नै औपचारिक प्रस्ताव नगरेको जानकारी दिए । अहिले उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी र माधवकुमार नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी)बीच पार्टी एकताको पहल भइरहेको बताइएको छ । जनता समाजवादीले पनि विचार मिल्नेसँग एकता गर्ने गरी वार्ता समिति बनाइसकेको छ ।

गएको भदौमा नेकपा (माओवादी केन्द्र)सँग पार्टी एकताका लागि संयोजन समिति बनाउने निर्णय समाजवादीले गरेको थियो । तर माओवादी केन्द्रसँगको एकता प्रक्रिया हालसम्म अघि बढ्न सकेको छैन ।


**Parsagadhi Municipality**
**Office of Municipal Executive**
**Harpur, Parsa**
**Maddhesh Providence, Nepal**

**NOTICE OF INVITATION FOR BIDS**

**First Date of Publication: 2079/09/22 (6th January 2023)**

Parsagadhi Municipality, Harpur, Parsa invites **electronic bids** from eligible Nepalese bidders for the following works:

| S. N. | Contract No. | Name of Contract | Estimated Amount ( Including VAT & PS) | Cost Of Bid Document (NRs.) | Average Annual Construction Turnover | Work Experience of Similar Size and Nature | Bid Validity Period | Bid Security Amount (NRs.)/ Validity Period |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 09/PGMUN/ PAR/NCB/W/ ROAD/2079/80 | Construction of Blacktopped road from Koilbhar Entrance Gate to Koilbhar Temple | N/A | 5,000.00 | 3,76,32,000.00 | One road construction of value 1,00,35,000.00 and 257 cum of premix/asphalt work | 90 days | 7,34,000.00/ 120 days |
| 2 | 10/PGMUN/ PAR/NCB/W/ ROAD/2079/80 | Construction of Blacktopped road from Janta Sadak Manuwa Bazar to Gulariya Pashupati Nagar | 1,51,13,366.60 | 3,000.00 | N/A | N/A | 90 days | 3,92,000.00/ 120 days |
| 3 | 11/PGMUN/ PAR/NCB/W/ ROAD/2079/80 | Construction of Blacktopped road from Janta Sadak Bagbana to Chhatiban Tandi | N/A | 5,000.00 | 4,25,24,000.00 | One road construction of value 1,13,40,000.00 and 278 cum of premix/asphalt work | 90 days | 8,30,000.00/ 120 days |
| 4 | 12/PGMUN/ PAR/NCB/W/ ROAD/2079/80 | Construction of Blacktopped road from Manab Ashram to Amodevi Temple | N/A | 5,000.00 | 4,29,31,000.00 | One road construction of value 1,14,49,000.00 and 319 cum of premix/asphalt work | 90 days | 8,38,000.00/ 120 days |
| 5 | 13/PGMUN/ PAR/NCB/W/ ROAD/2079/80 | Construction of Blacktopped road from Juman Chowk to Hardiya Hardaspur | N/A | 5,000.00 | 5,19,27,000.00 | One road construction of value 1,38,48,000.00 and 390 cum of premix/asphalt work | 90 days | 10,13,000.00/ 120 days |
| 6 | 14/PGMUN/ PAR/NCB/W/ ROAD/2079/80 | Construction of Blacktopped Road from Ward No. 8 to Municipality Road | N/A | 5,000.00 | 5,07,12,000.00 | One road construction of value 1,35,24,000.00 and 383 cum of premix/asphalt work | 90 days | 9,89,000.00/ 120 days |
| 7 | 15/PGMUN/ PAR/NCB/W/ ROAD/2079/80 | Construction of Concrete Road from Jigana to Parsagadhi Temple | 58,37,164.53 | 3,000.00 | N/A | N/A | 90 days | 1,50,000.00/ 120 days |
| | **Deadline for Bid Submission:** | | | 2079/10/23 (6th February 2023) till 12:00 Noon | | | | |
| | **Date, Time and Place of Bid Opening:** | | | 2079/10/23 (6th February 2023) at 1:00 PM at Parsagadhi Municipality, Harpur, Parsa | | | | |
| | **Account Number for Bid Document Purchase:** | | | Name of Bank: Sanima Bank, Parsagadhi Branch, Parsa<br>Name of Office: Parsagadhi Municipality, Harpur, Parsa<br>Account Name: Ga-1.1 Aantarik Rajaswa Khata<br>Office Account no.: 063010040000005 | | | | |
| | **Account Number for Bid Security Deposit:** | | | Name of Bank: Sanima Bank, Parsagadhi Branch, Parsa<br>Name of Office: Parsagadhi Municipality, Harpur, Parsa<br>Account Name: Ga-3 Dharauta Khata<br>Office Account no.: 063010020000003 | | | | |

1. Eligible bidders may obtain further information and inspect the bidding document at Parsagadhi Municipality, Harpur, Parsa or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
2. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
3. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: **www.bolpatra.gov.np/egp** as specified in the Instructions to Bidders.
4. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

**Chief Administrative Officer**